(३) कृषि ज्ञान केन्द्रले बीउको लागि आवश्यक श्रोत केन्द्रहरुसँग समन्वय गर्ने र प्राविधिक सेवाटेवा पुराउने काम गर्नेछन।

(४) कृषकहरुलाई बीउ, मल तथा स-साना औजार उपकरण उपलब्ध गराईनेछ।

(५) पाँच सय जना युवा उद्यमी कृषकहरुलाई समावेश गरिनेछ।

(६) आफ्नै वा अरुको जग्गा भाडामा लिइ खेती गर्न चाहने कृषकहरुलाई समावेश गरिनेछ।

१६. खर्चको मापदण्ड : पाँच सय जना कृषकहरुलाई बीउ, मल तथा स-साना औजार उपकरण उपलब्ध गराउन प्रति उद्यमी औषत ४ रोपनी (न्युनतम २ देखि अधिकतमा ६ रोपनीसम्म) प्रति रोपनी रु. ६,००० का दरले यस कार्यक्रमका लागि रु. १,२०,००,००० (अक्षरुपी एक करोड विस लाख) रकम खर्च हुनेछ।

१७. भुक्तानी प्रक्रिया : (१) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्नेछन।

(२) कृषकहरुलाई वेमौसमी आलुको खेती गर्न लाग्ने बीउ, मल र अन्य स साना औजार उपकरण खरिद गरेको वील र खेती गरेको क्षेत्रफलको आधारमा प्रति उद्यमी औषत ४ रोपनी (न्युनतम २ देखि अधिकतमा ६ रोपनीसम्म) प्रति रोपनी रु. ६,००० (अक्षरुपी छ हजार) का दरले प्रति कृषक बढिमा रु ३६,००० (अक्षरुपी छत्तिस हजार) मा नबढ्ने गरी कृषि ज्ञान केन्द्रबाट अनुदान रकम भुक्तानी हुनेछ।

परिच्छेद-४ ५

## कोभिड लक्षित व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम

१८. पृष्ठभूमि : कोभिड-१९ का कारण भविष्यमा बेरोजगारी बढ्ने र दीर्घकालमा खाद्य संकट पर्न सक्ने बढी प्रभावित भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई सम्बोधन गर्ने उद्देश्यले पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा र दाङ्ग जिल्लामा व्यावसायिक खेती प्रवर्द्धनबाट रोजगारी तथा आयआर्जनमा सघाउने र भारत लगायत विदेशबाट आउने तरकारी आयात घटाई व्यापार घाटामा पनि कम गराउन सकिनेछ।

१९. कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र : यस प्रदेश अन्तर्गत पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा र दाङ्ग जिल्लाहरुका सवै स्थानीय तहहरु यो कार्यक्रम लागू हुनेछ।

२०. कार्यक्रम सञ्चालन प्रक्रिया : (१) यस कार्यक्रम स्थानीय तहहरु मार्फत सञ्चालन गरिनेछ।

(२) स्थानीय तहले अनुसूची-२ बमोजिमको सूचना आवश्यकता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव माग बमोजिम कार्यक्रममा सहभागी हुन चाहने कृषक/उद्यमीहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(३) प्रत्येक स्थानीय तहबाट एकसय जनाका दरले यो कार्यक्रममा व्यावसायिक तरकारी खेती गर्न चाहने सातहजार जनालाई समावेश गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(४) आफ्नै वा अरुको जग्गा भाडामा लिइ खेती गर्न चाहने र अन्य कुनै कार्यक्रमहरुमा मौका नपाएका कृषकहरुलाई समावेश गरिनेछ।

(५) ईच्छुक कृषकहरुले सम्बन्धित स्थानीय तहका वडा कार्यालयमा निवेदन दिन सक्नेछन।

२१. कार्यक्रमको खर्च मापदण्ड : (१) कार्यक्रममा समावेश हुनेले न्युनतम २ रोपनी वा ३ कठ्ठामा खेती गर्नु पर्नेछ।

(२) सरकारको तर्फबाट उपलब्ध गराइने अनुदान रकम खरिद बीलको ७५ प्रतिशत भन्दा बढी हुनेछैन।

(३) व्यावसायिक तरकारी खेती गर्नको लागि आवश्यक पर्ने बीउ, मल, विषादी, स-साना कृषि औजारहरु बाली संरक्षण सामग्री, स्प्रेयर र सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिद गर्नु पर्नेछ।

(४) कार्यक्रममा सात हजार जना सहभागीहरुलाई प्रति अनुदानग्राही बढीमा रु २०,००० का दरले कुल रु. १४,००,००,००० (अक्षरुपी चौध करोड) रकम खर्च गरिनेछ।

२२. <u>भुक्तानी प्रक्रिया</u> : (१) कोभिड-१९ बाट बढी प्रभावित भएको परिवारको १ जना सदस्य भन्दा बढी नहुने गरी प्राथमिकता दिई समावेश गरिनेछ।

(२) उपलब्ध गराइने अनुदान रकम खरिद बीलको ७५ प्रतिशत भन्दा बढी भूक्तानी गरिनेछ।

परिच्छेद-५

**<u>विदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम</u>**

२३. <u>पृष्ठभूमि</u>: कोभिड-१९ को कारण वैदेशिक रोजगारीमा गइ भारत लगायत अन्य देशबाट फर्केका युवाहरु बढी प्रभावित भएकोले केहि वैदेशिक रोजगारमा गएका युवाहरु फिर्ता भैसकेका छन भने लकडाउन खुलेपछी अरु थप युवाहरु फर्कने अवस्था भएकोले ती युवाहरुलाई स्थानीय स्तरमा रोजगारीको व्यवस्था गर्नुपर्ने अवस्था छ। अहिलेको अवस्थामा औद्योगिक तथा सेवा क्षेत्रमा यति ठूलो समूहलाई रोजगारी सिर्जना हुने सम्भावना न्यून भएकोले कृषि क्षेत्र नै ग्रामीण रोजगारीको एक मात्र विकल्पको रुपमा रहेको छ। यसबाट रोजगारी सिर्जना हुने मात्र हैन भविष्यमा आउन सक्ने खाद्य संकटको समस्यालाई पनि यस कार्यक्रमले सहयोग गर्नेछ। यस कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्केको र व्यावसायिक खेती गर्नेहरुलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ।

२४. <u>कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र</u> : यस प्रदेशका १२ जिल्लाहरु (पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासी) का स्थानीय तहहरु मार्फत यो कार्यक्रम सञ्चालन हुनेछ।

२५. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) यो कार्यक्रम स्थानीय तहहरु मार्फत सञ्चालन गरिनेछ।

(२) स्थानीय तहले अनुसूची-२ बमोजिम सूचना आवश्यकता अनुसार टास वा प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव माग बमोजिम कार्यक्रममा सहभागी हुन चाहने कृषक/उद्यमीहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(३) प्रत्येक स्थानीय तहबाट एक सय जनाका दरले यो कार्यक्रममा व्यावसायिक खेती गर्न चाहने र बाहिरबाट फर्केका युवालाई लक्षित गरी दश हजार नौ सय जनालाई समावेश गर्ने गरी यो कार्यक्रम सञ्चालन गरिनेछ।

(४) आफ्नै वा अरुको जग्गा भाडामा लिएर खेती गर्न चाहने र अन्य कुनै कार्यक्रमहरुमा मौका नपाएका कृषकहरुलाई प्राथमिकता दिइ समावेश गरिनेछ।

(५) यस कार्यक्रममा सहभागी हुन चाहनेहरुले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिन सक्नेछन।

(६) सम्बन्धित वडा कार्यालयले परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारमा नभएको नेपाल भित्र सरकारी, अर्ध सरकारी वा निजी क्षेत्रमा रोजगारमा नभएको र स्वरोजगारबाट मासिक रु

१०,००० भन्दा बढी आम्दानी नभएको र हालैको कोभिड-१९ को कारण विदेशबाट फर्केको परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने गरी स्थानीय तहले प्राथमिकता दिनु पर्नेछ।

२६. कार्यक्रम खर्च मापदण्ड : (१) कार्यक्रममा सहभागी हुनेहरुले तरकारी खेती, फलफूल खेती, मौरीपालन, च्याउ खेती, कुखुरापालन, बंगुर वा बाख्रापालनको लागि आवश्यक पर्ने बीउ, पाठापाठी, मल, विषादी, स-साना कृषि औजार, वाली संरक्षण सामग्री र स्प्रेयर सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिद गर्नका साथै प्लाष्टिक घर, मौरि गोला, च्याउ घर र गोला खरिदको साथै खोर निर्माणमा प्रयोग गर्न सक्नेछन।

(२) कार्यक्रममा समावेश हुनेले ३ देखि ५ कठ्ठामा खेती गर्नु पर्नेछ।

(३) मौरिपालनको हकमा कम्तिमा ३ घार, च्याउ खेतिको हकमा कम्तिमा ५० गोला, कुखुरापालनको हकमा कम्तिमा ५० चल्ला, बंगुर तथा बाख्रापालनको हकमा कम्तिमा ५ वटा पाठापाठी पाल्ने कृषक कार्यक्रममा समावेश हुन सक्नेछन्।

(४) यस कार्यक्रममा दस हजार नौ सय जना व्यवसाय उन्मुख र विदेशबाट फर्केकाहरुलाई लक्षित गरेर सञ्चालन गरिनेछ।

(५) यो कार्यक्रममा अनुदानग्राहीले विल अनुसारको रकममा ७५ प्रतिशत नबढ्ने गरी रु. २०,००० (अक्षरुपी विस हजार) सम्मका दरले अनुदान प्राप्त गर्नेछन्।

(६) यस कार्यक्रममा दश हजार नौ सय सहभागीहरुलाई प्रतिअनुदानग्राही रु. २०००० (अक्षरुपी विस हजार) का दरले कूल रु. २१,८०,००,००० (अक्षेरुपी एक्काइस करोड असी लाख) रकम खर्च लाग्नेछ।

२७. भुक्तानी प्रक्रिया : (१) कार्यालयको तर्फबाट आवश्यक पर्ने बीउ, मल, बिषादी, स-साना कृषि औजार, वाली संरक्षण सामग्री र स्प्रेयर सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिदका लागि उपलब्ध गराइने अनुदान रकम खरिद वीलको ७५ प्रतिशत मात्र भुक्तानी गरिनेछ।

(२) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्नेछन।

## परिच्छेद-६

## दुग्ध उत्पादक कृषकलाई राहत अनुदान कार्यक्रम

२८. पृष्ठभूमिः यस प्रदेश भित्रका विभिन्न जिल्लाहरुमा दैनिक ८ लाख लिटर दुध उत्पादन हुने अनुमान छ। यसको करिव आधाभाग घरायसी रुपमा खपत हुन्छ भने आधा भाग वजारीकरणमा आउंछ। तसर्थ सामान्य अवस्थामा दैनिक करिब ४ लाख लिटर दुध वजारमा आउंछ। तर हाल करिव आधा जस्तो दुध मात्र कारोवारमा छ भने ३० देखि ३५ प्रतिशत दुध क्रीम निकाल्ने र अन्य परिकार तयार गरी खपत भैरहेको छ भने १५ देखि २० प्रतिशत दुध त्यत्तिकै खेर गैरहेको छ। यसरी परिमाणको रुपमा झण्डे ७० हजार लिटर दुध खेर गैरहेको छ। रकमको रुपमा हिसाब गर्दा रु ५० प्रति लिटरका दरले पनि कृषकहरु दैनिक ३५ लाख नोक्सानी ब्यहोरी रहेका छन। यसरी लकडाउनको ४० दिनको कुरा गर्ने हो भने करीव १४ करोड नोक्सानी ब्यहोर्नुपर्ने स्थिति छ। यस्तो अवस्थामा दुग्ध उत्पादन कृषकहरुलाई सरकारले प्रोत्साहन नगर्ने हो भने कृषकहरु यस पेशा बाट नै पलायन हुने र भविष्यमा बेरोजगारी र गरिबी समेत बढ्दै जाने हुन सक्छ।

राख्न र ग्रामीण रोजगारी तथा आयआर्जनको हिसाबले यस क्षेत्रलाई प्रोत्साहन गर्नु पर्नेछ। निरन्तरको नोक्सानी पछि यी साना कृषकहरु पलायन हुने अवस्था आउन नदिन र ग्रामीण रोजगारी र आयआर्जनको साथै खाद्य तथा पोषण सुरक्षाको लागि यी साना ब्रोइलर कुखुरापालक कृषकहरुलाई कोभिडको प्रभाव कम गरी पेशामा टिकाइ राख्न प्रोत्साहन अनुदान दिनु पर्नेछ।

३४. <u>कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र</u>: कार्यक्रम लागु हुने स्थान प्रदेश अन्तर्गत १२ जिल्लाहरु (पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, बर्दिया, बाँके, दाङ्ग, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासी) हुनेछन।

३५. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) यो कार्यक्रम पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मार्फत सञ्चालन हुनेछ।

(२) यस प्रदेश भित्रका पाँच सय भन्दा कम ब्रोइलरपालन गर्ने साना कृषकहरुको संख्या करिब दुई हजार जनालाई कार्यक्रममा समावेश गरिनेछ।

(३) कार्यालयले अनुसूची-१ बमोजिम सूचना आवश्यकता अनुसार टाँस वा प्रकाशन गरी अनुसूची-३ र ४ वमोजिमको निवेदन र प्रस्ताव माग वमोजिम कार्यक्रममा सहभागी हुन चाहने ब्रोइलरपालक कृषकहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(४) दुई हजार जना कृषकहरुले औसत एक पटकमा ३५० चल्ला पाल्ने अनुमान गर्दा करिब ७ लाख चल्ला पाल्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

३६. <u>खर्चको मापदण्ड</u> : (१) दुई हजार जना व्यवसायीलाई सरदर ३५० वटा चल्लाको लागि प्रति चल्ला रु. १०० (एक सय) का दरले कार्यालयले अनुदान उपलब्ध गराउदा करिब रु ७,००,००,००० (अक्षरुपी सात करोड) खर्च हुनेछ।

(२) लकडाउन भन्दा ५० दिन अघिको अवधिमा चल्ला खरिद गरी कुखुरापालन गर्ने कृषकलाई मात्र यो सुविधा उपलब्ध गराइने छ।

३७. भुक्तानी प्रक्रिया : (१) यस कार्यक्रममा व्यावसायिक रुपमा ब्रोइलर कुखुरा पालन गर्ने दर्ता भएका र ५०० भन्दा कम कुखुरा पालन गर्ने कृषकहरुलाई समेटिने छ।

(२) कार्यालयले लकडाउन भन्दा ५० दिन अघिको अवधिमा चल्ला खरीद गरेको विल र स्थानीय तहको सिफारिस र खोरमा चल्ला राख्न र दाना औषधि तथा अन्य उत्पादन सामग्री खरिद गर्न चल्ला खरिद गरेको नयाँ विलको आधारमा मात्र प्रति चल्ला रु. १०० भन्दा नबढ्ने गरी अनुदान रकम कृषकलाई भुक्तानी गरिनेछ।

## परिच्छेद-८

## <u>बालीको उत्पादन र उत्पादकत्व वृद्धिको लागि बीउ उत्पादक कृषक, कृषक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम</u>

३८. <u>पृष्ठभूमि</u> : प्रदेश नं. ५ अन्तर्गत विभिन्न बालीहरुको गरी अनुमानित दस लाख हेक्टरमा खेती हुने गरेकोले उन्नत बीउ उत्पादनलाई जोड दिन आवश्यक छ। राम्रो बीउ प्रयोग गर्ने हो भने उत्तिकै मेहनतमा पनि २० देखि २५ प्रतिशत उत्पादन बढाउन सकिन्छ र हालकै अवस्थामा पनि करिब रु साठी अरबको विभिन्न खाद्यान्न आयात गर्दै रहेको अवस्थामा भोली आउन सक्ने खाद्य संकटको समस्यालाई सम्बोधन गर्न गुणस्तरीय बीउको उपलब्धता बढाउनु आवश्यक छ। हाल कार्यरत र नयाँ

बीउ उत्पादन समूह वा सहकारीलाई पनि प्रोत्साहन गरी भविष्यमा गुणस्तरीय बीउको उपलब्धता बढाउन बीउ उत्पादन समूह वा सहकारीलाई बीउ उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। नेपालको बीउ सम्बन्धी दुरदृष्टी, २०१५ अनुसार खाद्यान्न बालीको राम्रो उत्पादनको लागि कम्तीमा पनि २० देखि २५ प्रतिशत बीउ प्रतिस्थापन दर कायम गर्नु पर्छ। हाल बीउ प्रतिस्थापन दर १५ प्रतिशतको हाराहारी छ। धानको बीउ प्रतिस्थापन दर २५ प्रतिशत पुर्‍याउन धान बालीको लागि एक लाख हेक्टरमा र मकै बालीको लागि पचास हजार हेक्टरमा उन्नत बीउ लगाउनु पर्छ। यसको लागि पाँच हजार मे. टन बीउको आवश्यकता पर्दछ तर हाल उन्नत बीउको उपलब्धता करीब तीन हजार मे. टन मात्रै छ। तसर्थ थप दुई हजार मे. टन बीउ उत्पादन बढाउन दुई हजार बिगाहमा उन्नत बीउको खेती विस्तार गर्नुपर्ने हुन्छ।

३९. <u>कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र</u>: यस प्रदेशका १२ जिल्लाहरु (पूर्वी रुकुम, रोल्पा, प्युठान, अर्घाखाँची, गुल्मी, पाल्पा, बर्दिया, बाँके, दाङ्ग, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासी) का स्थानीय तहमा यो कार्यक्रम सञ्चालन हुनेछन।

४०. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) कार्यक्रम स्थानीय तह मार्फत सञ्चालन हुनेछ।

(२) कार्यक्रम बीउ उत्पादन गर्ने कृषक वा कृषक समूह वा सहकारीहरु मात्र सहभागी हुन सक्नेछन।

(३) स्थानीय तहले अनुसूची-२ बमोजिम सूचना आवश्यकता अनुसार प्रकाशन गरी अनुसूची-३ र ४ बमोजिमको निवेदन र प्रस्ताव माग बमोजिम कृषक समूह वा सहकारीहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(४) बीउ उत्पादन समूह वा सहकारीहरुले आँफुले खरिद गरेको मुल बीउ वा श्रोत बीउको बील राखेर बीउ उत्पादन गर्न लागेको बाली र क्षेत्रफल खुलाई कृषि ज्ञान केन्द्र वा स्थानीय तहको कृषि शाखाको सिफारिस साथ स्थानीय तहमा प्रोत्साहन अनुदानको लागि निवेदन साथ अनुदान माग गर्न सक्नेछन।

(४) बीउ उत्पादन गर्दा नेपाल सरकारले सिफारिस गरेको र पञ्जिकृत बीउ उत्पादनको लागि मात्र अनुदान दिइनेछ।

(५) कृषक समूह वा सहकारीले उत्पादित बीउ सम्बन्धित स्थानीय तह र आसपासका स्थानीय तहहरुमा मात्र बिक्री वितरण वा उपयोग गर्नु पर्नेछ।

(६) यसरी उत्पादित बीउ जिल्ला बाहिर पठाउन परेमा कृषि ज्ञान केन्द्र वा सम्बन्धित स्थानीय तहका कृषि शाखाको सिफारिसमा मात्र लैजान पाइनेछ।

(७) बीउ उत्पादक समूह सहकारीले प्रदेश सरकारको बीउ विजन प्रयोगशालाबाट आफ्नो बीउ बालीको खेत निरीक्षण गराउनुपर्नेछ र प्रयोगशालाले दिएको निर्देशन समूह सहकारीले पालना गर्नु पर्नेछ।

४१. <u>कार्यक्रमको खर्च मापदण्ड</u> : (१) धान, मकै, गहुँ, आलु र तरकारीको बीउ उत्पादन गर्दा अनुदान पाउन सकिनेछ।

(२) बीउ उत्पादक समूह सहकारीले प्रति रोपनी एक हजारका दरले अनुदान रकम खर्च हुनेछ।

(३) बीउ उत्पादन समूह वा सहकारीले मुल बीउ वा श्रोत बीउ खरिद, रसायनिक मल, बिषादी र प्याकिंगको लागि चाहिने वोरा आदि खरिद गरेको बील संलग्न राखी स्थानीय तहमा भुक्तानी माग गर्न सक्नेछन।

(४) यस कार्यक्रममा सहभागी कृषकहरुलाई प्रति विघाह रु. २०,००० (अक्षरुपी विस हजार) / प्रति कठ्ठा रु. १,००० (अक्षरुपी एक हजार) का दरले कूल अनुमनित रु. ४,००,००,०००(अक्षरुपी चार करोड) सम्म खर्च हुनेछ।

४२. <u>कार्यक्रमको भुक्तानी प्रक्रिया</u> : (१) स्थानीय तहले मूल बीउ वा श्रोत बीउ खरिद, रसायनिक मल, बिषादी र प्याकिंगको लागि चाहिने वोरा आदि मुल वीउ वा श्रोत वीउ खरिद, रसायनिक मल, विषादी र प्याकिंगको लागि चाहिने वोरा आदि खरिद गरेको सामग्रीको बीलको आधारमा कुल विलको रकमको ७५ प्रतिशत वा प्रति कठ्ठा रु. १,००० (अक्षरुपी एक हजार) जुन कम हुन्छ सो वरावरको अनुदान रकम स्थानीय तहवाट भुक्तानी दिईनेछ।

(२) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्नेछन।



Scanned with CamScanner

अनुसूची-३

**प्रस्ताव पेश गर्नका लागि दिईने आवेदन-पत्रको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू

......................।

विषय: प्रस्ताव पेश गरिएको सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ ............................................................को मिति २०७ .../ ... /.... गतेका दिन .......... ...............................मा प्रकाशित सूचना वा सूचना टास अनुसार ............................. ............................. म/हामी निवेदकले ............................ ............................कार्यक्रम अन्तर्गतको ............................................................................ कार्यक्रम सञ्चालन गर्न इच्छुक भई अनुसूची-४ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

आवेदकको दस्तखत:

आवेदकको नाम:

ठेगाना:

मिति:

सम्पर्क नं.:



Scanned with CamScanner

## अनुसूची-४
## कार्यक्रमको प्रस्तावको ढाँचा
### खण्ड (क)

१) प्रस्तावक सम्वन्धी विवरण:

| | |
|---|---|
| प्रस्तावकको नाम: | |
| ठेगाना: | |
| सम्पर्क नं. | |
| नागरिकता नं...............जिल्ला......... | |
| स्वामित्वमा रहेको जमिन | आफ्नै स्वामित्वको ........हे<br>करार/भाडामा...........हे |
| खेती गरिने जमिन किसिम | आफ्नै स्वामित्वको<br>करार/भाडाको |

### खण्ड (ख)

२. उत्पादनमा संलग्न हुने कृषकहरुको विवरण

| क.सं. | कृषकको नाम थर | ठेगाना | बाली | गत वर्ष गरिएको खेती विवरण | | यस वर्ष गरिने खेती विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | क्षेत्रफल (कट्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कट्ठा) | अनुमानित उत्पादन (क्विन्टल) |
| १ | | | | | | | |
| २ | | | | | | | |

### खण्ड (ग)
### प्रस्तावित कार्यको विवरण

३. प्रस्तावित कृयाकलापहरु:

| क .सं. | क्रियाकलाप | संख्या | क्षमता | जम्मा लागत | आवेदको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

४. प्रस्तावित कार्यक्रम माग गर्नको कारण, औचित्य

५. उत्पादित वालीको बजार व्यवस्थापन कसरी गरिनेछ

प्रस्तावकको तर्फबाट सही गर्नेको

नाम:

पद:

दस्तखत: मिति :

नोटः प्रस्तावको आवश्यकता अनुसार अन्य सान्दर्भिक बुँदाहरु थपघट गर्न सकिनेछ ।